# पूर्वकथन

मनुष्य जीवनको बुनियादी तहसम्म सम्बन्ध राख्ने कथा व्यापक रूपले लोकप्रिय छ। यो व्याप्ति प्राचीन समयदेखि आधुनिक समयसम्म उत्तरोत्तर प्रभाव राख्न सक्षम छ। आधुनिक कथाले समाज र मनुष्य जीवनका विविध आयामहरूलाई समेट्ने बहुसमावेशी चरित्रलाई आत्मसात् गरेको हुनाले यसको प्रभावको क्षेत्र अझ विशाल भएर गएको देखिन्छ। यस प्रभाव क्षेत्रभित्र म स्वयं पनि सम्मिलित छु। विद्या आर्जनको प्रारम्भिक समयदेखि नै कथाप्रति मेरो गहिरो अभिरुचि भएको र कालान्तरमा यसबारे औपचारिक अध्ययन गर्ने आकाङ्क्षा पनि विकास हुँदै गएकोले कथालाई शोध क्षेत्रको रूपमा चुन्न सकेकी हुँ। आधुनिक नेपाली कथा लेखनको पूर्वार्द्धमा नै कथा लेख्न सुरु गरेर आजसम्म सृजनरत रहेका हायमनदास राई 'किरात' नेपाली कथा साहित्यका अथक साधक हुन्। उनको लेखनले आधुनिक नेपाली सामाजिक कथा लेखनको परम्परालाई सम्पन्न बनाएको छ। उनले कविता र उपन्यास पनि लेखेका छन्। उनी एक कुशल सम्पादक, प्रकाशक र समर्पित समाजसेवक पनि रहेका छन्। यी विविध पक्षहरूको परिचयात्मक अध्ययनसहित उनका कथामा चित्रित नर-नारी सम्बन्धको वाह्य र आन्तरिक सूक्ष्मताहरूलाई विवेचना गर्ने उद्देश्यले यो शोधकार्य सम्पन्न गरिएको हो।

प्रस्तुत शोधकार्य एक विशेष शैक्षिक उपलब्धि र शोध अभिप्राप्तिको उद्देश्य राखेर गरिएको छ। यद्यपि, निर्धारित समय, सीमित स्रोत, संसाधन अनि शोधकर्तामा भएको सीमित ज्ञान, अनुभव र सामर्थ्य आदिले यस कार्यलाई सम्पूर्ण हुन दिएको छैन। यस अपूर्णतालाई भविष्यका शोधकार्यहरूले पूरा गर्दै लानेछन् र ज्ञान प्राप्तिका फाँटहरू विस्तारित हुँदै जानेछन् भन्ने अपेक्षा राखिएको छ। यस शोध प्रबन्धमा सामग्रीहरूको विवेचनाद्वारा जुन नयाँ र मौलिक तथ्यहरू प्राप्त भएका छन्, तिनले आगामी प्राज्ञिक अनुशीलनमा आलोकको कार्य गर्नेछ भन्ने विनम्र आशा राखिएको छ।

यस शोधकार्य सम्पन्न गर्दा मैले प्रेरणा र सहयोग प्राप्त गरेका अनेक महत्त्वपूर्ण व्यक्ति र संस्थाहरूलाई कृतज्ञभावले स्मरण गर्छु -

यस शोधकार्यका शोधनायक श्री हायमनदास राई 'किरात' जसले आफ्नो अमूल्य आशीर्वादसहित मलाई अनेक व्यावहारिक सहयोग प्रदान गर्नुभयो, उहाँप्रति म श्रद्धानत छु। मेरा शोध निर्देशक, उत्तरबङ्ग विश्वविद्यालय, नेपाली विभागका प्रोफेसर मोहन पी. दाहालप्रति कृतज्ञ छु जसले प्राज्ञिक गतिविधिसँग जोडिनको निम्ति मलाई प्रेरणा दिनुभयो, मेरो आत्मविश्वासलाई दह्रो बनाउनुभयो र शोध कार्यको अवधिभरि बौद्धिक र व्यावहारिक मार्गनिर्देशद्वारा मभित्र काम गर्ने ऊर्जा थपिदिनुभयो। मेरा प्रेरणाका अनन्य स्रोत स्व. डा. कुमार प्रधान जसको आशीर्वाद र स्नेहासिक्त आचरणले म सधैँ लाभान्वित छु, उहाँप्रति श्रद्धानत छु। बौद्धिक र सृजनशील अभ्याससँग संलग्न हुने कुरामा अभिप्रेरक

रहने र यस किसिमको वातावरण सृजनामा प्रयासरत रहेर सहयोग दिनुहुने नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालयका प्रोफेसर घनश्याम नेपालप्रति कृतज्ञ छु। यसै विश्वविद्यालयका डा. नरेशचन्द्र खाती अनि डा. कृष्णराज घतानी र डा. पुष्कर पराजुलीको सहयोग, सदभाव, अमूल्य सुझाउ र हौसलाको निम्ति आभार र कृतज्ञता व्यक्त गर्छु।

यो शोधकार्य सम्पन्न गर्नको निम्ति परिमलमित्र स्मृति महाविद्यालयकी भारप्राप्त प्राचार्य श्रीमती नन्दिता सरकारको भरपूर सहयोग प्राप्त भएको छ। महाविद्यालयका व्यवस्थापकगणले आवश्यक वातावरण र सुयोगको व्यवस्था मिलाइदिएको हुनाले यो कार्य सफलतापूर्वक सम्पन्न हुन सकेको हो, यसको निम्ति यहाँहरू सबैप्रति कृतज्ञ छु।

यस शोधकार्यको निम्ति बुनियादी सामग्रीहरू जुटाउनु, क्षेत्रीय अध्ययन गर्नु इत्यादि व्यावहारिक कार्यहरूमा श्री समीर राई 'शान्ति' गोरुबथानले मलाई सतप्रतिशत सहयोग गर्नुभएकोले म उहाँप्रति चिरऋणी छु। श्री मनप्रसाद सुब्बा अनि श्री मोहन ठकुरी यस शोधकार्यका स्रोत व्यक्तिहरू बनेका छन्। उहाँहरूको प्रज्ञा, अनुभव र संसाधनहरूलाई मैले यस कार्यमा मनग्गे प्रयोग गरेको हुनाले उहाँहरूप्रति कृतज्ञता अर्पण गर्छु। यस शोधकार्यमा प्रयोग गरिएका उत्तरबङ्ग विश्वविद्यालयको ग्रन्थालय, परिमलमित्र स्मृति महाविद्यालयको पुस्तकालय, पान्दाम ग्रामिण पुस्तकालय दार्जिलिङ, बिजनबारी टाउन लाइब्रेरी अनि अन्यान्य विद्वानहरूका निजी पुस्तकालय र तिनका व्यवस्थापकगणप्रति धन्यवाद ज्ञापन गर्छु। यस शोधकार्यमा आधार सामग्रीको रूपमा उपयोग गरिएका अनेक रचना, पुस्तक र ग्रन्थहरूको रचयिताहरूप्रति विनम्र रूपले ऋणी रहेको कुरा स्वीकार गर्छु।

प्रस्तुत शोधकार्य गर्नमा नाना-प्रकारले मलाई सहयोग गर्ने मेरा मित्रहरू डा. पङ्कज सरकार, सरस्वती लामा, अमीर दर्जी, डा. सत्येन्द्र पाण्डे, डा. स्नेहा सिंह, राजीव विश्वकर्म, तापती विश्वास, पलिन अहोय अनि नेपाली साहित्य संस्थान सिलगढीका सम्पूर्ण सदस्यहरूप्रति सप्रेम आभार प्रकट गर्छु। मेरा प्रिय भाइ सूरज रोसूरिलाई अमूल्य सहयोगका निम्ति धन्यवाद दिन्छु। मेरी आमास्वरूप ममतामयी श्रीमती पुष्प राईको असीम स्नेहले यस कार्यलाई ऊर्जा प्राप्त भएको छ उहाँप्रति म श्रद्धानत छु। मेरो प्रिय छोरो विश्वभूषण र सम्पूर्ण पारिवारिकजनलाई सहयोगको निम्ति कृतज्ञता ज्ञापन गर्छु।

दिनाङ्क : १६.०१.२०१७

**रेमिका थापा**

शोधार्थी

नेपाली विभाग

परिमल मित्र स्मृति महाविद्यालय, मालबजार, जलपाइगढी